# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस-विज्ञप्ति

२१ असार, २०७७

## नागरिकको स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गर ।

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण पछिल्लो समय नेपालमा पनि उच्चस्तरमा फैंलदै गैरहेको अवस्थामा काठमाडौं उपत्यकाका ढलहरुमा समेत कोभिड-१९ को भाइरस भेटिएको भन्ने सञ्चार माध्यममा सार्वजनिक भएका समाचारहरुप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले नेपाल बार एशोसियन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ नेपालसँगको सहकार्यमा देशभर कोभिड-१९ को सन्दर्भमा मानव अधिकार अवस्थाको अनुगमन गरी अनुगमनबाट प्राप्त तथ्यको आधारमा यस अघि पनि पीसीआर परीक्षण बढाउन तथा क्वारेण्टिनहरू व्यवस्थित गर्न पटकपटक नेपाल सरकारलाई आग्रह गर्दै आएको स्मरण गर्दछ । आयोगको आग्रहका बाबजुद अपेक्षाकृत रूपमा पीसीआर परीक्षण अझै बढ्न नसक्नु र ढलहरूमा समेत कोभिड-१९ को भाइरस भेटिएका समाचारहरूबाट समुदायमा नै कोभिड-१९ को संक्रमण फैलिएको हुनसक्ने अनुसन्धानकर्ता एवम् वैज्ञानिकहरूको धारणा रहेको छ ।

अतः काठमाडौं उपत्यका जस्तो घनाबस्ती भएका ठाउँमा समुदायमा संक्रमण फैलिएमा स्थिति भयावह हुनसक्नेतर्फ बेलैमा ध्यान पुऱ्याउन, बढी संक्रमण प्रभावित स्थान र क्षेत्र पहिचान गरी रोकथाम र नियन्त्रणको लागि प्रभावकारी कदम चाल्न र पीसीआर परीक्षणलाई तीव्रता दिई नागरिकको स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गर्न आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ ।

..................

वेद भट्टराई

सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org